# ललितपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पुल्चोक, ललितपुर
## बागमती प्रदेश, नेपाल

## ललितपुर महानगरपालिका क्षेत्र भित्रको जडीबुटी, कवाडी तथा जीवजन्तु करको ठेक्का बन्दोबस्ती सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२।९।२२ गते)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६१ बमोजिम ललितपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, पुल्चोक, ललितपुरले आफ्नो क्षेत्र भित्रको जडीबुटी, कवाडी तथा जीवजन्तु करबाट प्राप्त हुने कर संकलन गर्न ललितपुर महानगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा ७ एवं सोही ऐनको अनुसूची ५ मा उल्लेखित जडीबुटी, कवाडी तथा जीवजन्तुको किसिम र दरमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त ईच्छुक फर्म वा कम्पनीहरुले तोकिएको अवधि भित्र तपशिल बमोजिमको शर्तको अधिनमा रही विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्नु हुन सम्बन्धित सबैका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम ठेक्का अङ्क रु. वार्षिक (मु.अ.कर बाहेक) | BID FEE | BID BOND |
|---|---|---|---|---|---|
| १. | LMC-NCB-Revenue-2082/83-01 | जडीबुटी, कवाडी तथा जीवजन्तु कर | ३,७०,६५,७५०/-<br>(अक्षरुपी तीन करोड सत्तरी लाख पैसट्ठी हजार सात सय पचास) | रु ५०००/- | कबोल रकमको १० प्रतिशत (१२० दिन) |

बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८२ माघ २२ गते १२:०० बजे

बोलपत्र खोल्न मिति २०८२ माघ २२ गते १:०० बजे ।

बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय बोलपत्रको पोर्टल www.bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्नु पर्नेछ ।

बिस्तृत जानकारी ललितपुर महानगरपालिकाको वेभ साइट www.lmc.gov.np मा हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

शर्तहरुः

१. बोलपत्रको सूचना प्रकाशित भएको ३० दिन भित्र बोलपत्र फारम दस्तुर रकम रु. ५,०००।- (अक्षेरुपी रु. पाँच हजार मात्र) पछि फिर्ता नहुने गरी यस महानगरपालिकाको नेपाल बैङ्क लिमिटेड, गावँहाल, ललितपुरमा रहेको आन्तरिक राजस्व खाता नं. ०१८०३००००१००१००००१ मा जम्मा गरी सोको सक्कलै भौचर वा महानगरपालिकाको कार्यालयमा रहेको राजस्व महाशाखामा जम्मा गरेको सक्कलै भौचर सहित फर्म वा कम्पनी वा संस्थाले फर्म/व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपी, आन्तरिक राजस्व कार्यालयबाट प्राप्त भ्याट प्यान दर्ता प्रमाणं पत्रको प्रतिलिपी, आ.व. २०८१।०८२ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी वा कर दाखिला गरेको प्रमाणपत्रको प्रतिलिपी वा कर दाखिला म्याद थप सम्बन्धी कागजातको प्रतिलिपी, कालो सूचीमा नपरेको भनी स्वः घोषणा गरेको पत्र साथ कबोल अंकको १० प्रतिशतमा नघट्ने गरी हुने रकम बराबरको धरौटी रकम यस महानगरपालिकाको नेपाल बैङ्क लिमिटेड, गावँहाल, ललितपुरमा रहेको धरौटी खाता नम्बर ०१८०३००००३००००००००१ मा जम्मा गरी सोको सक्कलै भौचर वा ललितपुर महानगरपालिकाको नाममा जारी गरिएको १२० कार्य दिन भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको बोलपत्र जमानत (बिड बन्ड) पेश गर्नु पर्नेछ।

२. बोलपत्र फारम र सो सँग सम्बन्धित कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय बोलपत्रको पोर्टल www.bolpatra.gov.np/egp मार्फत डाउनलोड गर्न सकिनेछ।

३. ठेक्का बोलपत्र फाराम सहितका कागजातहरु यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र अनिवार्य रुपमा सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय Online प्रणालीमा पेश गरी सक्नु पर्नेछ र सोही दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्रदाताहरुको प्रतिनिधिको रोहवरमा महानगरपालिकाको कार्यालयमा बोलपत्रहरु खोलिनेछ। बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन तोकिएको समयमा नै क्रमशः खरिद र दाखिला गर्न सकिनेछ। बोलपत्र खोल्ने समयमा बोलपत्रदाताको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।

४. महानगरपालिकाले यस प्रक्रियामा भाग लिएका बोलपत्रदाताहरुको तोकिए बमोजिम मूल्याङ्कन गरी सारभुत रुपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने बोलपत्रदातालाई सम्झौताका लागि आह्वान गर्नेछ। तोकिएको समय भित्र उल्लेखित बोलपत्रदाता सम्झौता गर्न नआएमा प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडि बढाईनेछ ।

५. बोलपत्र स्वीकृत भएको जानकारी पश्चात तोकिएको अवधि भित्र सम्झौता गर्न नआएमा बोलपत्र जमानत वापतको धरौटी रकम जफत गरी स्वीकृत भएको बोलपत्रदातालाई कालोसूचीमा राख्न प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडि बढाइनेछ।

६. बोलपत्रदाताले महानगरपालिकाबाट स्वीकृत गरी अपलोड गरेको जडीबुटी, कवाडी तथा जीवजन्तु करबाट प्राप्त हुने कर संकलन सम्बन्धी Bill of Quantity (BoQ) अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ। बोलपत्र फारममा कबोल रकम अङ्क र अक्षरमा स्पष्ट देखिने गरी उल्लेख गर्नु पर्नेछ। बोलपत्र फारममा उल्लेखित कवोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। साथै रीत नपुगेको बोलपत्र माथि कुनै पनि कारवाही गरिने छैन।

७. महानगरपालिकाले स्वीकृत गरी अपलोड गरेको बोलपत्र सम्बन्धी कागजात नै यस कर संकलन प्रयोजनका लागि नमूना बोलपत्र सम्बन्धी कागजातको रुपमा मानिनेछ।

८. एउटा फर्म वा कम्पनीले खरिद गरेको बोलपत्र अर्को फर्म वा कम्पनीको नाममा प्रयोग/दाखिला गर्न पाइने छैन।

९. बोलपत्रदाताको बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा पुनः बोलपत्र आह्वान गर्ने/नगर्ने अधिकार नियमानुसार यस कार्यालयमा सुरक्षित रहनेछ।

१०. बोलपत्रदाताले प्रथम वर्ष कबोल गरेको रकममा सम्झौता मितिबाट एक वर्ष पूरा भै दोश्रो वर्षको पहिला महिना देखि वार्षिक १० प्रतिशत वृद्धिका दरले ठेक्का रकम बुझाउनु पर्नेछ ।

प्रतिलिपी प्रमाणित

११. ठेक्काको अवधि सम्झौता भएको मितिदेखि २०८४ असार मसान्तसम्मको लागि मात्र हुनेछ। आर्थिक वर्षमा घटेको महिना र दिनको आधारमा तोकिएको ठेक्का रकममा कुनै असर पर्ने पार्ने तथा छुट हुने व्यवस्था छैन।

१२. ठेक्का प्राप्त गर्ने व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले ठेक्का सम्झौताको बखत आफूले कबोल गरेको मासिक ठेक्का अङ्कको पहिलो ३ (तीन) महिनाको रकम मूल्य अभिवृद्धि कर सहित अग्रिम दाखिला गर्नुपर्नेछ। साथै सोहि बखत कबोल गरिएको ठेक्का रकमको शत प्रतिशत रकम बराबरको (वार्षिक वृद्धि रकम समेत) बैङ्क ग्यारेन्टी रकम बराबरको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकको २०८४ साउन मसान्त सम्म म्याद भएको बैङ्क जमानत वा नगद धरौटी रकमको हकमा यस महानगरपालिकाको नेपाल बैङ्क लिमिटेड, गावहाल, ललितपुरमा रहेको धरौटी खाता नम्बर ०१८०३०००००३००००००००१ मा जम्मा गरी सोको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

१३. ठेक्का प्राप्त गर्ने व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले कबोल गरेको मासिक रकम अर्को महिनाको ७ (सात) गते भित्र दाखिला गरिसक्नु पर्नेछ। तोकिएको किस्ता रकम म्याद भित्र दाखिला नभएमा वार्षिक १० प्रतिशतका दरले ब्याज समेत असुल गरिनेछ । यसका साथै लगातार तीन किस्ता सम्म रकम दाखिला नभएमा बैङ्क जमानतबाट बाँकी बक्यौता जरिवाना समेत जम्मा रकम असुल उपर गरी प्रचलित कानुन बमोजिम कार्वाही गरिनेछ । असार महिनाको हकमा सोही महिनाको मसान्त भित्र अनिवार्य रुपमा रकम दाखिला गरिसक्नु पर्नेछ।

१४. ठेक्का स्वीकृत भई सम्झौता भए पश्चात नेपाल सरकार, प्रदेश सरकार, महानगरपालिका वा न्यायिक निकाय वा अदालतको निर्णयले गरेको निर्णय बाहेक अन्य कुनै कारणबाट सिर्जित अवस्थामा कबोल रकम माफी मिनाहा दाबी गर्न पाइने छैन। बन्द हड्ताल, भुकम्प, बाढी, पहिरो जस्ता प्राकृतिक र मानविय विपद्का कारण सृजित समस्याका कारण देखाई व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले छुट माग गरेमा कुनै प्रकारका छुट लगायतका अन्य सुविधा दिईने छैन। साथै व्यवसायीले पनि शुल्क कर छुट वा मिनाहा माग गर्न पाइनेछैन।

१५. ठेक्का प्राप्त गर्ने व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले कर संकलनमा प्रयोग गरिने रसिद, अभिलेख लगायतका श्रेस्ताहरु प्रचलित कानूनले व्यवस्था गरे बमोजिम चुस्त दुरुस्त रुपमा राख्नुपर्नेछ।महानगरपालिकाबाट समय समयमा श्रेष्ता तथा अभिलेखको अनुगमन गरिनेछ ।

१६. ठेक्का प्राप्त गर्ने व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले कर संकलन गर्दा ललितपुर महानगरपालिका क्षेत्रभित्र मात्र संकलन केन्द्र स्थापना गरी अन्य सवारी साधन/नागरिकहरुको सवारी आगमनमा बाधा नपर्ने गरी कर संकलन गर्ने व्यवस्था मिलाउनु पर्नेछ। यसका साथै संकलन गर्ने स्थानमा महानगरपालिकाबाट स्वीकृत जडीबुटी, कवाडी तथा जीवजन्तुको किसिम र दररेट सहितको बोर्ड राख्नुपर्नेछ। संकलन कार्यमा खटाइएका कर्मचारीहरुको परिचय खुल्ने पोसाक तथा परिचय पत्र ठेक्का प्राप्त गर्ने व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले व्यवस्था गर्नु पर्नेछ।

१७. ठेक्का प्राप्त गर्ने व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले कर संकलनका लागि ललितपुर महानगरपालिका क्षेत्रभित्र निम्न स्थानमा संकलन केन्द्र स्थापना गर्नु पर्नेछः १. बालकुमारी पुल (वडा नं.९), २. युएन पार्क पुल (वडा नं.११), ३. सुनाकोठी वडा कार्यालय अगाडि (वडा नं. २७) ४. सुन्दरी घाट पुल अगाडि (वडा नं.४) ५. नख्खु कारागार अगाडि (वडा नं.४) ६. स्टार हस्पिटल अपोजिट (वडा नं. २) ७. कुलेश्वर जाने पुल छेउ (वडा नं.२) आदि।

१८. जडीबुटी, कवाडी तथा जीवजन्तुको कर संकलन गर्दा ललितपुर महानगरपालिकाबाट उत्पादन/सिर्जना भई बाहिर निकासी हुने अवस्थामा मात्र कर संकलन गर्नुपर्नेछ।

१९. सम्मानित अदालत, नेपाल सरकार, प्रदेश सरकार, महानगरपालिकाको नीति, निर्देशन तथा आदेशको पालना गर्ने/गराउनु बोलपत्रदाताको कर्तव्य एवं दायित्व हुनेछ। नीति, निर्देशन वा अदालतको आदेश पालनाको कारणबाट कुनै क्षति हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्ति दाबी ठेक्का प्राप्त गर्ने व्यवसायी, व्यक्ति, फर्म वा कम्पनीले महानगरपालिकासँग गर्न पाउने छैन।

२०. जडीबुटी, कवाडी तथा जीवजन्तुको कर संकलन कार्यको अनुगमन महानगरपालिकाबाट हुनेछ । अनुगमनबाट प्राप्त निर्देशनहरुको पालना गर्नु ठेकेदार कम्पनीको दायित्व हुनेछ।

प्रतिलिपी प्रमाणित

२१. कर, दस्तुर, शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्रको शर्त तथा फारममा उल्लेख गरिएको छ। नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारलाई प्रचलित कानून बमोजिम बुझाउनुपर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेक्का प्राप्त गर्ने व्यवसायी, व्यक्ति, फर्म वा कम्पनी स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ। सो बापत बुझाएको रकमलाई कबोल गरेको ठेक्का अंकबाट कट्टा गर्न पाइने छैन।

२२. जडीबुटी, कवाडी तथा जीवजन्तु करबाट प्राप्त हुने कर यस महानगरपालिकाको आ.व. २०८२/०८३ को आर्थिक ऐनमा उल्लेखित किसिम र दर बमोजिम संकलन गर्नुपर्नेछ। निर्धारित दररेट भन्दा बढी असुली गरेमा नियमानुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ। ठेक्का रद्द भएमा जमानत वापतको सम्पूर्ण रकम असुली गरिनेछ।

२३. ठेक्का सम्झौता गर्ने फर्म कम्पनीको धरौटी रकम ठेक्का रकममा मिलान गरिने छैन। त्यस्तै ठेक्का सम्झौता अवधि समाप्त पश्चात बैंक जमानत रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी निवेदन पेश गर्नु पर्नेछ।

२४. ठेक्का तयारी तथा सो संग लाग्ने सम्पूर्ण खर्च बोलपत्रदाता आफै जिम्मेवार हुनु पर्नेछ।

२५. बोलपत्रदाताले आफ्नो खर्चमा कर संकलन हुने क्षेत्र तथा नाका भ्रमण गर्न सक्नेछन्।

२६. बोलपत्र कागजात वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ।

२७. बोलत्रदाता तथा महानगरपालिकाका बिच कुनै किसिमको मत भिन्नता भएमा महानगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ।

२८. यस प्रक्रियामा सहभागी हुने बोलपत्रदाताले सूचनामा उल्लेखित सम्पूर्ण शर्तहरु र बोलपत्र सम्बन्धी कागजातलाई स्वीकार गरी समावेश भएको गरिएको मानिनेछ।

२९. माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या तथा सूचनामा उल्लेख नभएका अन्य विषयहरुको हकमा ठेक्का सम्झौता, प्रचलित कानून र स्थापित हितका मान्यता मुताबिक हुनेछ।

३०. यो सूचनाको उल्लेख भएका विषयहरु यसै सूचना बमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन, कानुन, ललितपुर महानगरपालिकाको आय ठेक्का सम्बन्धी कार्यविधी, २०८० (संशोधन सहित) तथा ललितपुर महानगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ।

३१. द्वितीय पक्षले जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलन गर्दा आर्थिक ऐन २०८२ अनुसूचि ५ बमोजिम निम्नानुसारको दररेट र किसिममा जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलन गर्नुपर्दछः

| क्र.सं. | विवरण | दररेट |
|---|---|---|
| १ | जलेको मोबिल | रु. १/- प्रति लिटर |
| २ | पुरानो व्याट्रि | रु. २/-प्रति के.जी |
| ३ | पुराना तारहरु | रु. १/-प्रति के.जी |
| ४ | पुराना टायर/ट्युव | रु. १/-प्रति के.जी |
| ५ | पुराना स्टिल | रु. २/-प्रति के.जी |
| ६ | पुराना आल्मुनियम | रु. २/-प्रति के.जी |
| ७ | पुराना फलाम, किल्ला र डण्डिका टुक्रा | रु. २/-प्रति के.जी |
| ८ | पुराना जुत्ता चप्पल | रु. १/- प्रति के.जी |

प्रतिलिपी प्रमाणित

| | | |
|---|---|---|
| ९ | खाली जुटको बोराहरु | रु. १/- प्रति गोटा |
| १० | खाली प्लाष्टिकको बोराहरु | -/५० पैसा प्रति गोटा |
| ११ | खाली वियरका बोतल | -/५० पैसा प्रति गोटा |
| १२ | खाली मदिराका सि.सि बोतल | -/२५ पैसा प्रति गोटा |
| १३ | पुरानो मिनरल वाटर | -/१० पैसा प्रति गोटा |
| १४ | पुरानो ग्यालेन/जर्किन | रु. १/- प्रति के. जी |
| १५ | गार्मेन्टबाट निस्किएका कपडा उनका टुक्रा/ कार्पेट गार्मेन्टको टुक्रा | रु. १/- प्रति के.जी |
| १६ | पुरानो पोलिथिन पाइपका टुक्रा | रु. १/- प्रति के.जी |
| १७ | पुराना अखबार तथा कागज | -/५० पैसा प्रति के.जी |
| १८ | सिसा (लिडको धुलो वा टुक्रा) | रु. २/- प्रति के.जी |
| १९ | प्रचलित कानुनले निषेधित गरेको बाहेकका मरेका वा मारिएका जीवजन्तुको हाड, सिङ्ग, प्वाँख, छाला | रु.१/- प्रति के.जी |

नोटः घर निर्माणमा प्रयोग हुने फर्मा, किला, काँटी र मर्मतका लागि ओसार प्रसार हुने मेसिनरी सामान तथा डेरा सरेका सामाग्रीहरुमा जडिबुटी, कवाडी तथा जीवजन्तु कर संकलन गर्न पाइने छैन ।

प्रतिलिपी प्रमाणित